बैठक संख्याः ३०।२०८०

बैठक मितिः २०८०।१०।२९, समयः दिनको २:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८०।१०।२९ गते सोमबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी साहु रौनियार | का.वा.वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री आशिष काफ्ले | अपाङ्गता सहायता सहजकर्ता | |
| ३ | श्री प्रविन साह | सव- इन्जिनियर | |

बैठक संख्याः ३०।२०८०
बैठक मितिः २०८०।१०।२९, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : अधिकृत (दशौं) तहका श्री गीता घिमिरेको राजीनामा स्वीकृत सम्वन्धमा ।
२. प्रस्ताव नं. २ : वडा नं. ९ मा चर्पी निर्माण सम्बन्धमा ।
३. प्रस्ताव नं. ३ : कर्मचारीको तहबृद्धी सम्बन्धमा ।
४. प्रस्ताव नं. ४ : तहबृद्धी भएका कर्मचारीको जेष्ठता कायम सम्वन्धमा ।
५. प्रस्ताव नं. ५ : झुम्का अस्पतालमा कर्मचारी भर्ना सम्बन्धमा ।
६. प्रस्ताव नं. ६ : झुम्का अस्पतालको लागि औषधी/उपकरण/ल्याव सामाग्री खरिद सम्वन्धमा ।
७. प्रस्ताव नं. ७ : वडा नं. १ र ८ का योजनाहरु संचालन सम्बन्धमा ।
८. प्रस्ताव नं. ८ : क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक पदपुर्ती सम्बन्धमा ।
९. प्रस्ताव नं. ९ : हात्ती भगाउन साइरन जडान सम्बन्धमा ।
१०. प्रस्ताव नं. १०: ठेक्का आह्वान तथा बोलपत्र स्वीकृतीको सूचना सम्वन्धमा ।
११. प्रस्ताव नं. ११: डम्पिङ्ग साईटमा माटो पुर्ने सम्बन्धमा ।
१२. प्रस्ताव नं. १२: आर्थिक सहायता सम्बन्धमा ।
१३. प्रस्ताव नं. १३: राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा प्रस्ताव पठाउने सम्बन्धमा ।
१४. प्रस्ताव नं. १४: ग्रामथान संचालन तथा सूचिकृत सम्बन्धमा ।
१५. प्रस्ताव नं. १५: लागत अनुमान संसोधन सम्बन्धमा ।
१६. प्रस्ताव नं. १६: औषधी/उपकरण खरिद सम्बन्धमा ।
१७. प्रस्ताव नं. १७: डा. शैयम कोइरालालाई प्रत्साहन भत्ता सम्बन्धमा ।
१८. प्रस्ताव नं. १८: कानूनी सल्लाहकार पारिश्रमिक सम्बन्धमा ।
१९. प्रस्ताव नं. १९: बाटो मर्मत बापतको रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्याल कोशी प्रदेश, बिराटनगरको च.नं. ९५८ मिति २०८०।१०।११ को पत्रबाट रामधुनी नगरपालिकाको शिक्षा शाखामा कार्यरत अधिकृत (दशौं) तहका श्री गीता घिमिरेले स्वेच्छिक अवकासको लागि दिनु भएको निवेदन सहित राजीनामा स्वीकृतिको लागि लेखि आए बमोजिम साविकमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मितिः२०७५।११।२१को निर्णय अनुसार रामधुनी नगरपालिकाको नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समुह उपसचिव (प्रा.) अधिकृत स्तर

२/११

(दशौं) तहमा समायोन भई मिति २०८०।०८।०५ रामधुनी नगरपालिकाको कार्यालयमा हाजिर हुनुभएकी निज अधिकृत स्तर (दशौं) गीता घिमिरेले २०८०।०९।१६ गते देखि लागु हुनेगरी आफ्नो राजीखुसीले सनाखत समेत गरिदिई स्वेच्छिक अवकास पाउन निवेदन पेश गर्नु भएकोले कोशी प्रदेश सभाबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन ) ऐन,२०८० बमोजिम अधिकृत स्तर (दशौं) गीता घिमिरेको २०८०।०९।१६ गते देखि लागु हुनेगरी राजिनामा स्वीकृत गर्ने निर्णय गरियो|

**निर्णय नं. २**

चालु आ.व.२०८०।०८१ मा रामधुनि नगरपालिका अन्तर्गत वडा नं. ९ अन्तर्गत चर्पी निर्माण विपन्न तथा दलित वस्तीमा वडा स्तरीय योजनामा रु.१०,००,०००।— वजेट विनियोजन भएकोमा उक्त वजेट अपुग हुने भएकोले चालु आ.व.२०८०।०८१ मा समपुरक कोष तर्फ विनियोजित वजेटमध्येवाट रु. ६०१०००।— थप गरी हुने जम्मा रु.१६,०१,०००।— र SAVE THE EARTH संस्थासंग साझेदारी गरी विपन्न तथा दलित वस्तिमा उपभोक्ताको लागत सहभागिता नचाहिने गरी उपभोक्ता समिति मार्फत रामधुनी नगरपालिका, SAVE THE EARTH संस्था र सम्वन्धित उपभोक्ता समिति वीच त्रिपक्षीय सम्झौता गरी चर्पी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

रामधुनि नगरपालिका अन्तर्गत कार्यरत रहेका निम्न कर्मचारीहरुको कोशी प्रदेश सभावाट जारी भएको स्थानीय सरकारी सेवा ( गठन तथा संचालन) ऐन, २०८० को दफा २७ मा भएको व्यवस्था वमोजिम तह वृद्धि सिफारिस समितिको मिति २०८०।१०।२९ गतेको सिफारिस वमोजिम देहाय वमोजिम तह वृद्धि गर्ने निर्णय गरियो ।

**पाँचौं तहवाट छैठौं तहमा तह वृद्धि भएका कर्मचारीहरुको विवरण**

| सि.नं. | कर्मचारीको नाम, थर | हालको पद, तह/सेवा/समूह | कार्यरत कार्यालय | तह वृद्धि गरिएको पद, तह/सेवा/समूह |
|---|---|---|---|---|
| १. | श्री मनोज कुमार चौधरी<br>क.सं.नं. १९७१८८ | पदः हेल्थ असिस्टेन्ट<br>तहः सहायकस्तर पाचौं<br>सेवाः स्वास्थ्य<br>समूहः हेल्थ इन्स्पेक्शन | सिंगिया स्वास्थ्य चौकी, रामधुनी-३ | पदः जनस्वास्थ्य निरीक्षक<br>तहः अधिकृतस्तर छैठौं<br>सेवाः स्वास्थ्य<br>समूहः हेल्थ इन्स्पेक्शन |
| २. | श्री दिनेश ढकाल<br>क.सं.नं.२३४१८२ | पदः हेल्थ असिस्टेन्ट<br>तहः सहायकस्तर पाचौं<br>सेवाः स्वास्थ्य<br>समूहः हेल्थ इन्स्पेक्शन | डुम्राहा स्वास्थ्य चौकी, रामधुनी-८ | पदः जनस्वास्थ्य निरीक्षक<br>तहः अधिकृतस्तर छैठौं<br>सेवाः स्वास्थ्य<br>समूहः हेल्थ इन्स्पेक्शन |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३. | श्री देविना प्रधान<br>क.सं.नं.१९८८७९ | पदः सि.अ.न.मि.<br>तहः सहायकस्तर पाचौं<br>सेवाः स्वास्थ्य<br>समूहः कम्यूनिटी नर्सिङ्ग /प.हे.न. | भा.सि. स्वास्थ चौकी, रामधुनी-१ | पदः सि.अ.न.मि.निरीक्षक<br>तहः अधिकृतस्तर छैठौं<br>सेवाः स्वास्थ्य<br>समूहः कम्यूनिटी नर्सिङ्ग /प.हे.न. |

<u>निर्णय नं.४</u>

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगवाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भई सातौं तहमा तहवृद्धी भएका रामधुनी नगरपालकामा कार्यरत निम्न कर्मचारीहरुको कोशी प्रदेश सभावाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ८ को उपदफा १७ वमोजिम सातौं तहमा सोही ऐनको दफा २६ को उपदफा (३) वमोजिम छैठौं तहमा नियुक्ति भएको मितिदेखि लागु हुनेगरी सातौं तहको पदमा जेष्ठता कायम हुने निर्णय गरियो ।

<u>तपसिलः</u>

१. लेखा अधिकृत, अधिकृतस्तर सातौं, श्री. विरेन्द्र सिग्देल

२. इन्जिनियर, अधिकृतस्तर सातौं, श्री. रजत अग्रवाल

<u>निर्णय नं. ५</u>

रामधुनी नगरपालिका अन्तर्गत वडा नं. ५ स्थित झुम्का आधारभुत अस्पताल संचालन गर्न चालु आ.व.२०८०।०८१ को लागि स्वीकृत अस्थायी दरवन्दी वमोजिमको निम्न रिक्त पदहरुमा सेवा करार गरी कर्मचारी भर्ना गर्ने र चालु आ.ब.२०८०।०८१मा कर्मचारी पारिश्रमिक करार सेवा सु. तर्फ शिर्षकमा विनियोजित बजेट मध्येबाट उक्त तहका कर्मचारीलाई तोकिएको सुरु स्केल बमोजिमको पारिश्रमिक सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | पुर्ति गरिने पद | तह | पुर्ति गर्नु पर्ने पद संख्या |
|---|---|---|---|
| १. | फिजियोथेरापी सहायक | पाँचौं | १ |
| २. | रेडियोग्राफर | पाँचौं | १ |
| ३. | फारमेसी सहायक | पाँचौं | १ |

साथै, रेडियोलोजिष्ट १ (एक) जना विज्ञको सेवा २०८१ असार मसान्तसम्मको लागि सेवाकरारमा लिई झुम्का आधारभूत अस्पतालबाट रेडियोलोजिष्टको सेवा उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

रामधुनी नगरपालिका अन्तर्गत वडा नं. ५ स्थित झुम्का आधारभुत अस्पतालको च.नं. ६० मिति २०८०।१०।१६ गतेको पत्रवाट देहाय वमोजिमको ल्याव सामग्रीहरु उपलव्ध गराई दिन अनुरोध भई

आएकोले चालु आ.व.२०८०।०८१ मा झुम्का आधारभुत अस्पताल व्यवस्थापन शिर्षकमा विनियोजित वजेटमध्येवाट रु १०,००,०००।– (दश लाख) विनियोजन गरी उक्त सामग्रीहरु खरीद गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क.स. | सामानको बिबरण | ईकाई | परिमाण |
|---|---|---|---|
| 1 | Drabkin's Solution | Jar | 5 ltr |
| 2 | Triglyceride | Box | 2 |
| 3 | Test-tube washer brush | Pcs | 5 |
| 4 | Tissue paper | Roll | 2 |
| 5 | HDL | Box | 2 |
| 6 | Bilirubin | Box | 2 |
| 7 | CBC machine (3Part) | Pcs | 1 |
| 8 | Albumin | Box | 2 |
| 9 | Cholesterol Apappe | Box | 2 |
| 10 | Micropipette(5µl-50µl) | Pcs | 2 |
| 11 | Micropipette(100µl-1000µl) | Pcs | 2 |
| 12 | Slide Rack | Pcs | 1 |
| 13 | ESR Tube & Stand | | 5 stand 1 |
| 14 | Watch(Wall) | Pcs | 2 |
| 15 | Detergent powder | Pcs | 2 |
| 16 | Urine container | Pcs | 500 |
| 17 | Uric-acid Apappe | Box | 4 |

## निर्णय नं. ७

रामधुनी नगरपालिका अन्तर्गतको १ नं. वडा कार्यालय र ८ नं. वडा कार्यालयको पत्रवाट चालु आ.व.२०८०।०८१ मा स्वीकृत वजेट तथा कार्यक्रम अनुरुपका तपसिलका योजनाहरु नगर कार्यपालिकाको कार्यालयवाटै खरीद प्रक्रियावाट संचालन गरी दिन अनुरोध भई आएकोले उक्त योजनाहरु नगर कार्यपालिकाको कार्यालयको निर्णय अनुसारको उपयुक्त विधिबाट संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| | रामधुनी न.पा. वडा १ | |
|---|---|---|
| क्रस. | विवरण | रकम रु. |
| १ | इटहरी १६ सँग सिमाना जोडिएको हिम प्र.सुवेदीको घरको सिमाना पूर्वको पैनीमा ड्रेन निर्माण | ५००००० |
| २ | झुम्का कृषि बजार व्यवस्थापन /टहरा मर्मत | ७००००० |

CamScanner

| | | |
|---|---|---|
| ३ | लाल बहादुर पुरीको घर दक्षिण सविता निरौलाको घरको बाटो बिहानी टोल स्तरउन्नति -रु.६५०००० र लाल बहादुर गिरिको घरदेखि ध्रुव कोइरालाको घर तर्फ जाने बाटो मर्मत-रु.१५०००० | ८००००० |
| ४ | सेल्फी पुल मर्मत झुम्का नहर वडा न. १. - रु.२००००० र सेल्फी पुल संरचना निर्माण -रु.१५०००० | ३५०००० |

| | रामधुनी नगरपलिका वर्ड न ८ | |
|---|---|---|
| क्रस. | विवरण | रकम रु. |
| १ | प्याबसन वस्ति घेरा बेरा वडा न. ८ | ५००००० |
| २ | रघुनाथपुर भित्रि बाटो नाला | १००००० |
| ३ | ग्रामथानहरु मर्मत सम्भार | १००००० |
| ४ | नहर ट्रस्ट तथा काठेपुल मर्मत सम्भार | १५०००० |
| ५ | रेग्मी टोल मन्दिर | ६००००० |
| ६ | कार्यालय साभाहल जिप्सन | २००००० |
| ७ | सिमेन्ट चौतारा निर्माण | ३००००० |
| ८ | शौचालय रिङ निर्माण | २००००० |
| ९ | खानेपानी तथा सरसफाई | २००००० |
| १० | सिंचाइ बोरिङ जडान वडा न. ८ | ४००००० |
| ११ | रामधुनी नगरपालिका ८ डुम्राहा स्वस्थ्य चौकीको अधुरो भवन निर्माण | १०००००० |
| १२ | गोल चौकहरु मर्मत सम्भार | २५०००० |
| १३ | कार्यालय पार्किङ तथा भवन मर्मत सम्भार | ३५०००० |

**निर्णय नं. ८**

चालु आ.व.२०८०।०८१ मा संघीय सरकार, स्वास्थ तथा जनसंख्या मन्त्रालयवाट क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक, सातौं तह -१ जना सेवा करारमा राख्नको लागि वजेट व्यवस्था भएकोले प्राविधिक कर्मचारी सेवा करारमा पद पूर्ति गर्ने सम्वन्धी कार्यविधि,२०७४ वमोजिम २०८१ आषाढ मसान्तसम्मको लागि सेवा करारमा पद पूर्तिको गर्न स्थानीय पत्रिका, कार्यालयको सूचना पाटी एवं कार्यालयको वेवसाईटमा सूचना प्रकाशन गरी प्रक्रिया अगाडि वढाईएको विषय वैठकमा जानकारी भयो ।

बैठक संख्याः ३०।२०८०
बैठक मितिः २०८०।१०।२९, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. ९

रामधुनि नगरपालिका अन्तर्गत वडा नं. ७ र वडा नं. ६ अन्तर्गत जंगलको आसपासमा जंगली हात्ति आएर आतंक मच्चाई जनधनको क्षति पुर्याउने गतिविधि गरेकोले जंगली हात्तिको त्यस्तो गतिविधि रोकी भगाउने प्रयोजनको लागि उक्त स्थानमा ७(सात) थान साईरन, २ क्वाईल तार सहित साइरन खरीद गरी जडान गरेकोले चालु आ.व.२०८०।०८१ मा विपद व्यवस्थापन शिर्षकमा विनियोजित वजेटमध्येवाट रु.८३,४११।— (भ्याट सहित) खर्च भएकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

रामधुनी नगरपालिका अन्तर्गत चालु आ.व.२०८०।०८१ मा तपसिल वमोजिमका योजनाहरु संचालन गर्न ठेक्का आव्हान गरेको विषय वैठकमा जानकारी भयो ।

| S.No | Contract No. | Description of Work | Estimated Amount (With VAT & PS) NRs. |
|---|---|---|---|
| 1. | RMY/NCB/15 /080/081 | Baithar chowk dekhi Ramdhuni Mandir jane bato kalopatre ward no.4 | 1,46,74,346.64 |
| 2. | RMY/NCB/16 /080/081 | Basaha Regmi Tol Bato Kalopatre | 20,54,027.31 |
| 3. | RMY/NCB/17 /080/081 | Ramdhuni mandir paryatakiya kshetra nirman (mandap nirman) | 97,83,045.00 |
| 4. | RMY/NCB/18 /080/081 | Singhiya Swasthya Chauki Nirman | 78,25,745.10 |
| 5. | RMY/NCB/19 /080/081 | Construction of Namuna Bidhlaya Class Block 2 (Adarsha Ma.Vi, Baklauri) | 99,99,680.02 |

साथै, चालु आ.ब. २०८०।०८१ मा तपसिलका योजनाहरु संचालन गर्न ठेक्का आवहान भएका देहाय बमोजिमका योजनाहरुको निर्माणको लागि मिति २०८०/१०/२४ गते बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएकोमा बैठकमा जानकारी भयो ।

| S.n. | Contract No. | Description of Works | Bidder's Name & Address | Bid Amount (without p.s. and Excluding VAT ) |
|---|---|---|---|---|
| 1. | RMY/NCB/ 09/080/081 | Budhnagar Kumyahi jodnay sadak kalopatre r amdhuni na.pa 2 ra 3 | Bomjan Nirman Sewa , Koshi-3 , Sunsari | Rs 22,55,485.75 |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| 2. | RMY/NCB/ 10/080/081 | Ramdhuni ward 3 ko Singiya nahar dekhi sera khola samma kalopatre | Sai baba Construction , chitaha-4 , Sunsari | Rs 23,30,660.00 |
| 3. | RMY/NCB/ 13/080/081 | Chapki Pokhari Ma Children Park Nirman | Prachabi Builders , Inurwa-2 , Sunsari | Rs 56,17,204.75 |

**निर्णय नं. ११**

रामधुनी नगरपालिकाले फोहोरमैला व्यवस्थापनको लागि प्रयोग गरेको रामधुनी नगरपालिका वड नं. ३, वुधनगर स्थित डम्पिङ्ग साईटमा फोहोर गन्हाउने र प्लाष्टिकजन्य सामाग्रीहरु उडाएर व्यक्तिहरुको घरखेतमा पुर्याउने भई फोहोरमैला छरिने भएकोले माटोले उक्त फोहोर पुर्नको लागि प्राविधिक लागत अनुमान रु१,००,०००।– पेशहुन आएकोले चालु आ.ब. २०८०।०८१ मा फोहोरमैला तथा डम्पिङ्गसाइट व्यवस्थापन शिर्षकमा विनियोजित बजेटमध्येबाट रकम विनियोजन गरी माटोले फोहोर पर्ने कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

निम्न बमोजिमको व्यक्तिरसंस्थालाई चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षक/सम्वन्धित कार्यक्रमको शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्न बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो |

**तपसिल**

| क्र. स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम/जिन्सी |
|---|---|---|---|---|
| १ | वविता कुमारी साह, वडा नं. ९ | सत्य नारायण साहुको उपचार सहयोग | च.नं.८८१/२०८०।१०।१९ | रु.१०,०००।- |
| २ | पुर्णराज राई, वडा नं. ७ | हातिले अन्नपात क्षति पुर्याए वापत सहयोग | च.नं.१६९७/२०८०।१०।२४ | रु.१५,०००।- |
| ३ | कर्णविर राई, वडा नं. ७ | हातिले अन्नपात क्षति पुर्याए वापत सहयोग | च.नं.१६९६/२०८०।१०।२४ | रु.१०,०००।- |
| ४ | पञ्चायन क्लब वडा नं.७ | खेलकुद सामाग्री सहयोग | च.नं.१७४५/२०८०।१०।२९ | रु.२५,०००।– खेलकुद सामाग्री खरिद शिर्षकबाट |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | विचला टोल बिकास संस्था अन्तर्गतको बाल क्लबका खेलाडी वडा नं.२ | खेलकुद सामाग्री जर्सी सेट सहयोग | च.नं.१२७६/२०८०।१०।२९ | रु.१०,०७५।— खेलकुद सामाग्री खरिद शिर्षकबाट |
| ६ | टेक बहादुर सुनुवार रामधुनी ६ इचौल | फूपू दुगदिवी सुनुवारको उपचार खर्च | | रु.१५,०००।- |
| ७ | राजु राई वडा नं.७ | हात्तिले अन्नपात क्षति | च.नं.१६६०/२०८०।१०।२४ | रु.२५,०००।- |
| ८ | गौरी नारायण रामधुनी वडा नं.६ | हात्तिले क्षति पुर्याएको | | रु.१०,०००।- |
| ९ | सान्वी सिटी हस्पिटल प्रा.लि. इटहरी-१६ | वडा नं.६ को बसन्त सदाको स्वास्थ्य उपचारमा सहयोग | | रु.१५,०००।- |

निर्णय नं. १३

रामधुनी नगरपालिकाको अन्तर्गत संचालित निम्न सामुदायिक विद्यालयहरुको तपसिल बमोजिमका आयोजना/कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरिदिनको लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रमको शिर्षक |
|---|---|---|
| १ | पञ्चायत माध्यामिक विद्यालय रामधुनी - ७ कुमरखत | ४ कोठे भवन निर्माण |
| २ | तेह्र बालबालिका आधारभुत विद्यालय रामधुनी-६ बक्लौरी | ४ कोठे भवन निर्माण |
| ३ | रामधुनी मा वि रामधुनी - ४ लालपुर | ४ कोठे भवन निर्माण |
| ४ | जनता माध्यामिक विद्यालय रामधुनी-३ सिंगिया | ४ कोठे भवन निर्माण |
| ५ | रामजानकी आ.वि. रामधुनी-२ शिबनगर | ५ कोठे भवन निर्माण |
| ६ | शनिश्चरे मा वि रामधुनी -९ | ६ कोठे भवन निर्माण |
| ७ | रामधुनी मा वि रामधुनी - ४ लालपुर | विज्ञान प्रयोगशाला निर्माण |
| ८ | आदर्श मा.वि.बकलौरी वडा नं.६ | इलेक्ट्रिकल इन्जिनियरिङ्ग ९-१२ प्राविधिक धार संचालन अनुमती |

CamScanner

बैठक संख्याः ३०।२०८०
बैठक मितिः २०८०।१०।२९, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

| | | |
|---|---|---|
| ९ | भा.सि.मा.वि. वडा नं. १ | बस खरिद |

**निर्णय नं. १४**

श्री ग्रामथान संरक्षण समिति नगर कार्यसमिति रामधुनीले मिति २०८०।१०।२८ गते ग्रामथान संरक्षण, सूचिकृत, अभिलेख तथा विकासका लागि रामधुनी नगरपालिकाले रु.३,००,०००।- ग्रामथान संरक्षण समितिको तर्फबाट रु.१,००,०००।— लागत व्यहोर्ने गरी कार्यक्रम प्रस्तावना पेश गरेकोले सो प्रस्तावना स्वीकृत गरी चालु आ.ब. २०८०।०८१ मा ग्रामथान संरक्षण तथा सूचिकृत शिर्षकमा विनियोजित बजेट रु.३,००,०००।— बाट सम्बन्धित संस्थासंग सम्झौता गरी उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

चालु आ.ब.२०८०।०८१ मा रामधुनी नगरपालिका अन्तर्गत वडा नं. १ स्थित मिलन टोल उमेश चौधरीको घर जाने बाटो एजिङ्ग ग्राभेल निर्माणको लागि रु.२,००,०००।— (दुई लाख) वडा स्तरिय बजेट विनियोजन भएकोमा रामधुनी नगरपालिका १ नं. वडा कार्यालयको च.नं.११५२ मिति २०८०।१०।१३को सिफारिस पत्र एवम् सम्बन्धित उपभोक्ता समितिको अनुरोध बमोजिम लागत अनुमान संसोधन गरी पक्कीनाला निर्माण गरिएकोमा सो निर्माण कार्यको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

रामधुनी नगरपालिकाको लागि चालु आ.ब.२०८०।०८१मा संघिय सशर्त अनुदान तर्फ आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षकमा विनियोजित रकम रु.१९,६५,०००।-बाट स्वास्थ्य सेवा विभागबाट वर्गीकरण गरिएका ९८ प्रकारका औषधीहरु र १८ प्रकारका औषधीजन्य सामाग्री/उपकरणहरु मध्ये आवश्यक्ता अनुसार खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

झुम्का आधारभूत अस्पतालमा सेवा करारमा कार्यरत डा.शैयम कोइरालाले हाल उपलब्ध गराउदै आएको पारिश्रमिक सुबिधा, भत्ताको अतिरिक्त २०८० माघ १ गतेदेखि लागुहुनेगरी मासिक रुपमा थप प्रोत्साहान भत्ता रु.१०,०००।— प्रोत्साहन भत्ता शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

रामधुनी नगरपालिकाको कानूनी विज्ञ सल्लाहकारको रुपमा सेवा करारमा कार्यरत अधिवक्ता श्री प्रदिप कुमार काफ्लेलाई २०८० माघ १ गतेदेखि मासिक रु.२५,०००।— को दरले करार सेवा शुल्कमा विनियोजित शिर्षकवाट पारिश्रमिक सुविधा बापत रकम उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

बैठक संख्याः ३०।२०८०

बैठक मितिः २०८०।१०।२९, समयः दिनको २:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. १९

रामधुनी कलेज जाने बाटो मर्मत वडा नं. ५ मा प्राविधिक लागत अनुमान रु.६४,६००।— भएको कार्यको प्राविधिक मुल्याङ्कन बमोजिमको रकम मर्मत सम्हार शिर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।